# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७७

कार्यपालिका बाट स्वीकृत मिति : २०७८।०१।१५

प्रमाणित मिति : २०७८।०१।१५

बित्थडचीर गाँउपालिका, देउलेख, बभ्काङ

## १.पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ ।

मुलुकले संघिय लोकतान्त्रिक शासन प्रणली अवलम्बन गरेको सर्न्दभमा  स्थानीय तह संचालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ को प्रावधान अनुसार स्थानिय तहले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ । बित्थडचीर गाँउपालिका आफैमा पिछडिएको र २०७३ साल देखि स्थानीय सरकारको रुपमा विकसित भई आफैले स्थानीय सरकारको नीति तथा कार्यक्रममा नीतिको रुपमा विकासका कार्यक्रमहरु संचालनमा ल्याएको हुनाले स्थानीय विकासमा  पूर्वाधार विकासलाइ बढि जोड दिएको पाईन्छ । स्थानीय जनता र महिलाहरुको समस्यालाई संवोधन गर्नु पर्दछ भन्ने कुरालाई मनन् गर्दा पनि वजेटको सिमिततालाई ध्यानमा राख्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई टेवा पुग्ने कार्यहरु भएको छैन । आवश्यक क्रियाकलापहरु कार्यन्वयन गर्न सक्ने अवस्था पनि नभएको र नीति तथा कार्यक्रममा मेल नभएको अबस्था छ  । यस गाउँपालिकाले महिला, दलित, अपाङ्ग, गरीव, सीमान्तकृत र जोखिममा रहेका समुदायका नागरिकहरुको लागि केहि वजेट छुट्याएको छ तर  क्षमता बिकासको क्षेत्रमा प्रभावकारी रुपमा कार्य भइरहेको छैन । जातिय बिभेद र सबै खालका हिंसाहरु निषेध गर्ने कार्यक्रमहरु शुरु भएता पनि सामाजिक कुरिती र कुप्रथा उन्मूलन गर्न धेरै गाऱ्हो र समय लाग्ने हुन्छ । यस पालिकाले **“राष्ट्र समृद्ध बनाउनमा महिला, बिकास र क्रियाकलापको अबसरमा पहिला”** बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी परेका वा पारिएका  समुदाय महिला,  गरिव महिला एकल महिला दलित महिला पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीता र पहुँच बितरणमा समानता र तिनिहरुलाई स्थानीय सरकारको  विकास कार्यक्रममा मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखीएकोले **“बित्थडचीरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ ”** तर्जुमा गरिएको छ ।

**२. स्थानीय सरकारको  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था तथा कार्यान्वयनको प्रयास :**

स्थानीय सरकार गठन पश्चात लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण  कानुनी नीति तयार भएको छैन तर स्थानीय सरकारको नीति तथा कार्यक्रम अर्न्तगत सचेतना कायृक्रमहरु जस्तै बिशेष बाल बिबाह सम्वन्धि कानुन, लैगिंक हिंसा र घरेलु हिंसा सम्बन्धि कानुन संचालन भएका छन् । स्थानीय सरकारले गठन गर्ने सबै समितिहरुमा महिलाको सहभागिता गराएको छ । तर व्यवस्थित रुपले उनीहरुको समस्याको विश्लेषण गरी व्यवस्थित रुपमा योजना तयार गरी कार्यान्वयनमा ल्याएको भने छैन र वास्तविक रुपमा उनीहरुको सहभागितामा जोड दिई उनीहरुको अवस्था नै परिवर्तन हुने खालको कार्यक्रम संचालनमा आएका छैनन् ।

## ३.  लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु

### ३.१  समस्याहरु

- पालिकाको प्रोफाइलमा खण्डिकृत तथ्याक नहुनु जसले गर्दा वास्तविक समस्याको पहिचान नहुनुका साथै महिला तथा पिछडिएका वर्गले आफ्नो समस्या पहिचान गरी पालिकाको विकास कार्यमा समावेश गर्न र गराउन नसकनु,
- पालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको समस्या र सवालहरु सम्बोधन हुन नसक्नु,
- महिला दलित, सीमान्तकृत र जोखिमा रहेका समुदायहरुमा पालिकाको विकास कार्यक्रमको सूचनामा कमी, अवसर र पँहुचको अभाव रहनु,
- केहि हदसम्म सहभागिता गराए तापनि उनीहरुको क्षमताको कमीले गर्दा उनीहरुको सहभागितामा सिमितता,  निर्णय प्रक्रियामा भाग लिन नसक्नु साथै विकासको फाइदा लिन नसक्नु,
- महिला दलित , सीमान्तकृत र जोखिममा रहेका समुदायहरुको शिक्षामा कमी, आर्थिक अवस्था कमजोर, कुरीति र कुप्रथामा ग्रसित हुनु,
- नियमितरुपमा लैङ्गिक उत्तरदायी वजेट परिक्षण नहुनु,
- नगरपालिकाको विस्तृत खण्डिकृत तथ्याकको अभाव लैससास सम्बन्धि क्रियालाप र बजेट न्यून रुपमा बिनियोजन हुनु,
- लैससासको लागी  बास्तबिक तथ्याकंको अभाव हुनु र ब्यबस्थित अभिलेखीकरण नहनु ,
- लैससासका लोखाजोखा र सामाजिक लेखाजोखा को अभ्यास नहुनु,
- सिमान्तकृत जोखिम र  बंचितिकरणमा परेका वर्ग र समुहको क्षमता बिकास नहुनु,
- जातिय बिभेद, लैङ्गिक हिंसा, घरायसी हिंसा, बाल बिबाह, समुदायमा कुप्रथाको प्रभाव रहनु,

### ३.२. चुनौतीहरु

- सिमान्तकृत जोखिम र  बंन्चितिकरणमा परेका वर्ग र समुदायलाई महत्व र आबश्यकताको बोध गराउन नसक्नु ।
- पालिकामा गठन भएका समित तथा समूह तथा अन्य संरचनाहरुमा  लैससास मैत्री कायम गर्न नसक्नु,

- समाजमा विद्यमान रहेका हानीकारक सामाजिक मुल्यमान्यताहरु कायम रहनु,
- स्थानीय सरकारले बिपन्न तथा दुर्गम स्थानमा बसोबास गर्ने नागरिकहरुलाई सेवा प्रबाह सहज रुपमा उपलब्ध गराउन नसक्नु ।
- स्थानीय सरकारले भौतिक पूर्वाधारमा कार्यक्रममा बजेट बिनियोजन गर्नु र क्षमता बिकासको क्षेत्रमा कार्यक्रम तथा बजेट न्यून रहनु ।

## ३.३ अवसरहरु

नेपालको संबिधान र स्थानीय सरकार संचालन ऐनको आधारमा नीति निर्माण भएमा पालिका ले उक्त नीतिलाई कार्यान्वयन हुने भएकाले यस पालिकाका सिमान्तकृत , जोखिमा रहेका समुदायको क्षेत्रमा कार्यक्रम तथा बजेट बिनियोजन भएर क्षमता बिकासका साथै स्थानीय सरकारको मूल प्रबाहीकरण को अवसर प्राप्त हुनेछ । नीति तथा कानुन निर्माण र कार्यान्वय तह सम्म समबेशीकरण सिद्धान्त अनुरुप समान अवसर र पहुँचम अभिबृद्धी हुने छ ।

## ४. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

- पालिकाको योजना तर्जुमा , कार्यान्वयत र अनुगमन मूल्यांकन तह सम्म महिला र विपन्नवर्गहरुको सक्रिय सहभागिता गराई उनीहरुको समस्या संवोधन गराउन ।
- गाँउपालिकाको योजना तर्जुमा प्रक्रियालाई लैससासमैत्री बनाउन ।
- पालिकाको रणनीतिक योजना , आबाधिक योजना तयार गर्दा लैससासलाई समेटेर तयार गर्न ।
- पालिकाको नीति तथा कार्यक्रममा लैससासलाई समेट्न सहयोग पुग्ने ।
- पालिकाको सबै कार्यहरु र सेवा प्रवाहमा लैससास उत्तरदायी बनाउन,
- सविधानको मर्म अनुरुप कार्य गर्न र गराउन ,
- दिगो बिकास लक्ष्य २०३० लाई स्थानीयकरण गर्न सहयोग पुग्ने ।

## ५. दीर्घकालीन सोंच

स्थानीय तहमा जातीय, क्षेत्रीय र लैंगिक भेदभाव मुक्त समतामूलक, न्यायपूर्ण र समृद्ध र समाजको निर्माण गर्ने ।

## ६. लक्ष्य

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई राजनैतिक, सामाजिक, तथा आर्थिक बिकासमा समानुपातिक विकास गर्न ।

## ७. उद्देश्यहरु

- गाउँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक संस्थागत संरचनाहरुलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

- संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी वजेट अवधारणालाई गाउँपालिकाको कार्यक्रम/आयोजनहरुबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने ।
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- गाउँपालिकाको वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही बन्न मार्गनिर्देश गर्ने ।
- नागरिकहरु विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरुको गाउँको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।
- यी माथिका कार्यहरु गर्न आवश्यक नीति, कानुन र विद्येयकहरु साथै विषयगत र पालिकाको सबै योजनाहरुमा लैससास समावेश गर्दै लैजाने ।

यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ ।

## ७ नीति, रणनीति तथा कार्यनीतिहरु

**नीतिहरुः**

१. गाउँपालिकाका सम्पुर्ण तह र क्षेत्रमा लैससास संस्थागत गर्ने,

२.गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,

३.गाउँपालिकाका लक्षित वर्ग तथा समुदाहरुको समान अबसर , स्रोत, साधन र लाभको उपयोगमा न्यायोचित  पहुँच र नियन्त्रण सुनिश्चत गर्ने

४.गाउँपालिकाले प्रदान गने सेवा प्रबाह श्रोत साधन तथा अबसरको प्राप्ती र उपयोग गर्न लक्षित समुदायलाई सशक्तिकरण गर्ने ।

५.गाउँपालिकामा लैससास सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्व्यनमा सम्बद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

## ७.१ नीतिअनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु

**नीति-१ गाउँपालिकाका सम्पुर्ण तह र क्षेत्रमा लैससास संस्थागत गर्ने,**

**रणनीति**

१.१ गाउँपालिका अर्न्तगतको संरचनागत तहमा मानव संशोधन लैससासको आधारमा परिपूर्ति गर्ने कुराको सुनिश्चितता गर्ने ।

१.२ गाउँपालिका तहमा लैससास संस्थागत गर्न आवश्यक कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्ने ।

१.३ लैससास कार्यन्व्यन तथ आन्तिकिकरणका लागि सरोकारवाला निकाय तथा संघ संस्थासंग समन्व्य तथा सहकार्य गर्ने ।

**कार्यनीती**

१.१.१ लैससास निति कार्यन्व्यनका लागि आवश्यकता अनुकुल हुने गरी नीति, योजना तथा कार्यविधि संशोधन तथा तर्जुमा गरि कार्यन्व्यन गरिनेछ ।

१.१.२ गाउँपालिकाको संरचनामा, पालिका अर्न्तगतका बिभिन्न तह तथा तप्कामा अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदाय अर्थपूर्ण सहभागितको सुनिश्चित गरिने छ ।

१.१.३ गाउँपालिका स्तर, वडा स्तर र समुदाय स्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, जोखिममार रहेका, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक र समाबेशी सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिता गराइनेछ ।

१.१.४ गाउँपालिका स्तरमा भएका सार्वजनिक सारोकारका सबैजसो बिषयवस्तु, सूचना तथा जानकारीहरु लक्षित समुदायको सहज पहुँचका लागि विभिन्न माध्यमबाट आवश्यकता र माग अनुसार संप्रेषण गरिनेछ ।

१.१.५ गाँउपालिका स्तरमा लैससास सम्बन्धित कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लैससास मैत्री बनाउन सम्बद्ध सरोकारवालाहरुसंग परामर्श तथा समन्व्य गरिनेछ ।

१.१.६ गाँउलालिका स्तरमा नीति, आवधिक योजना तथा कार्यक्रमहरु लैससासको मान्यता अनुरुप तर्जुमा गर्न जोड दिइनेछ ।

१.१.६ गैरसरकारी संघसंस्था तथा निजि क्षेत्रबाट सञ्चालित लैससास सम्बन्धि कार्यक्रम गाँउपालिकाको योजना प्रकृयामा आबद्ध गरिनेछ ।

१.१.७ लैससास का लागि विभिन्न निकाय वा संघ संस्थाबाट संचालित लक्षित कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन तथा प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ। साथै कार्यक्रमको प्रभावकारीताका लागि अनुगमन गरी पृष्ठपोषण गर्ने कार्य सुनिश्चित गरिने छ।

१.१.८ लैससास सर्म्पक बिन्दु र समितिको व्यवस्था गरी जिम्मेवारी प्रदान गरिनेछ।

१.१.९ वञ्चितिमा परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरुको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम संचालन गरिनेछ।

**नीती-२: गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,**

**रणनीती**

२.१. गाउँपालिकाको योजना तर्जुमाको लागी सहभागितात्मक नीती र कार्यविधि तर्जुमा गर्ने,

२.२ गाउँपालिकाको सहभागिता मुलक योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने,

**कार्यनीति**

२.१.१ गाउपालिका तहमा वञ्चितिमा  परेका विभिन्न क्षेत्र वर्ग र समुदायको पहिचान गरी खण्डिकृत तथ्यांक राखिनेछ।

२.१.२ लैससास सम्बन्धित अल्पकालिन तथा दिर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गरिने छ, ।

२.१.३ स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरवाट नै लक्षित समुदायलाई अर्थपुर्ण सहभागीता गराउन। गाँउपालिका तहमा विकास निमार्ण लगायतका कार्यमा गठन गरिने समिति, उपसमिति, समुह वा कार्यदलमा नियुक्ति तथा तर्जुमा गर्दा लैससासको अवधारण लागु गरिनेछ। ।

२.१.४ गाउँपालिकाले प्रदान गने सेवा प्रबाह श्रोत साधन तथा अबसरको प्राप्ती र उपयोग गर्न लक्षित समुदायलाई सशक्तिकरण गरिनेछ।ॅ ।

२.२.१ स्थानीय आवश्यकताका आधारमा  लक्षित वर्गलाइ आफ्ना समास्या आफै पहिचान गरी समाधान गर्न योजना प्रक्रियाका हरेक चरणमा सहभागी गराइनेछ।

२.२.२ गाउँपालिका तहमा महिला, दलित, अपांगता भएका व्यक्ति लगायत अन्य सबै पछाडी पारिएका परेका बर्ग क्षेत्र र समुदायका ब्यक्तिहरुलाई  समानता र समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्धि सुनिश्चितता गर्ने।

**नीति ३ गाउँपालिकाका लक्षित वर्ग तथा समुदाहरुको समान अबसर , स्रोत, साधन र लाभको उपयोगमा न्यायोचित  पहुँच र नियन्त्रण सुनिश्चत गर्ने**

**रणनिति**

३.१. लैससास लाई सहयोग पुग्ने स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,
३.२. लैससासको प्रवर्द्धनका  सरोकारबाला निकाय , नागरिक समाज, अधिकारमुखि  गैससहरु संग समन्वय र सहकार्य गर्ने

**कार्यनिति**

३.१.१.  पालिका बाट  सन्चालीत योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरुको सहभागिता र लाभमा खण्डिकृत तथ्यानङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गरिने छ, ।
३.१.२. पालिकाका  आयोजनाको  निरन्तर अनुगमन तथा मूल्याँकन  प्रणालीको अभ्यास गरिने छ, ।
३.१.३. पालिकाबाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणकालागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गरिने छ,
३.१.४. सरोकारवाला र, अधिकारावादि संसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने,
३.१.५ लक्षित बर्गको सामाजिक सशक्तिकरणको लागि स्थानिय स्तरमा क्रियाशील गैरसरकारी संघ संस्था, नागरि समाज र संचार माध्यमलाई परिचालन गरिने छ।
३.१.६. संघ संस्थाहरुलाई लक्षित वर्ग तथा समुदाय  सम्म कार्यक्रम पुऱ्याउन समन्वय र सहकार्य गर्ने,
५.२.३. सामुदायिक संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याइनेछ।

**नीति ४ गाउँपालिकाले प्रदान गने सेवा प्रबाह श्रोत साधन तथा अबसरको प्राप्ती र उपयोग गर्न लक्षित समुदायलाई सशक्तिकरण गर्ने।**

**रणनीति**

४.१ लक्षित बर्ग क्षेत्र र समुदायका क्षमता अभिबृद्धि गरी आर्थिक तथा समाजिकरुपले सशक्तीकरण गर्ने,

४.२ समाजिक जोखिम र पारिवारिक बहिष्करणमा परेका व्यक्तिको पहिचान, संरक्षण, पुनःस्थापन र सश्क्तिकरण गर्ने,

४.३ लैससासको अवधारणलाइ लक्षित वर्गमाभ्क पुर्याउन पालिका स्तरमा प्रबोधीकरण तथा सचेतना कार्यक्रम संचालन गर्ने,

**कार्यनीति**

४.१.१ पालिका अर्न्तगतका महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको  सबलीकरण तथा शसक्तीकरणमा जोड दिइनेछ  ।

४.१.२ पालिका स्तरमा असाहय अवस्थामा रहेका एकल महिलाहरुको तथा जोखिममा रहेका नागरिकहरुको  पहिचान गरि आवश्यक जीविकोपार्जन गर्न सघाउ पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ ।

४.१.३ सामाजिक मान्यतामा आधारित परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ ।

४.२.१ पालिका तहका जनप्रतिनीधी तथा सेवा प्रदायकहरु र सेवाग्राहीहरुको सशक्तिकरण   गरिनेछ ।

४.२.२ लैंससासको अवधारणा तथा यसको औचित्य तथा संवेदनशिलता माथिको महत्व सम्बन्धमा सहज तथा सरल भाषामा पालिका अर्न्तगतका लक्षित समुदायका लागि सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको  निरन्तरा दिईनेछ  ।

४.२.३ महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका सम्बन्धमा रहेका कानूनी हक अधिकारका बारेमा  सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको आयोजना पालिका अर्न्तगतका लक्षित समुदायका लागि निरन्तर रुपमा सहयोग गरिने छ ।

४.३.१. असमानता, भेदभाव, विभेद, परम्परागत हानिकारक मुल्य, मान्यता तथा व्यवहारहरुबाट कानूनद्धारा संरक्षित हक अधिकारको उल्लंघन भएमा स्थानिय तहमा कहाँ जाने, कसले कसरी सहयोग गर्छ, निःशुल्क हुन्छ कि शुल्क लाग्छ, कति समय लाग्छ जस्ता कुराहरुको सम्बन्धमा सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको  तालिम अभियान ,कार्यशाला संचालन गरीनेछ  ।

४.३.२ गाँउपालिका तहका विकास निमार्ण कार्यको अनुगमन तथा मुल्यांकन र लाभ वितरणमा बन्चितिकरणमा परेका लाभग्राही समेतको सहभागितालाइ सुनिश्चित गर्न कार्यविधि तथा मापदण्डको पुनरावलोकन। परिमार्जन तथा तर्जुमा गरिनेछ ।

४.३.३ विभिन्न लक्षित वर्ग र समुदायबीच समाजिक क्षेत्रमा रहेको अन्तरलाइ कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी गाँउपालिका तहको संरचना, स्रोतसाधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

४.३.४ गाँउपालिका तहमा विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरितिको अन्त्यका लागि आवश्यक कानुनी व्यवस्था तथा सचेतनात्मक कार्यक्रम संचालन गरिनेछ ।

४.३. ५ अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निमार्णको सुनिश्चितताका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

**नीति ५ गाउँपालिका तहमा महिला, दलित, अपांगता भएका व्यक्ति लगायत अन्य सबै पछाडी पारिएका  परेका बर्ग क्षेत्र र समुदायका ब्यक्तिहरुलाई  समानता र समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्धि  सुनिश्चितता गर्ने ।**

**रणनीति**

५.१. पालिकाको लैससास समन्धी क्षमता अभिवृद्धी कार्यविधि तर्जुमा गर्ने
५.२. पालिका अर्न्तगतका महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको क्षमता अभिबृद्धी गर्ने ।

५.३. पालिका तहका जनप्रतिनीधी तथा सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्ने ।

**कार्यनीति**

५.१.१ लिंङ्गमा आधारित हुने हिंसा, जातिय आधारमा हुने हिंसा, विभिन्न आधारमा जस्तै लैगिंक, जातिय, धार्मिक, सामाजिक वा अर्थिक हैसियत आदिमा हुने विभेद तथा भेदभाव, समाजमा ब्याप्त परम्परागत हानिकारक मुल्य, मान्यता र ब्यवहार आदिका कारण मानव अधिकार उल्लंघन हुन सक्दछन र त्यस्ता मानव अधिकार उल्लंघनलाई कानूनले पनि दण्डित गरेका छन् भन्ने बारेमा विशेष गरेर महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायलाई जानकारी तथा सचेता कार्यक्रम संचालन गरिनेछ ।

५.१.२ मानव अधिकार उल्लघनका घटनालाई कानूनले पनि दण्डित गरेका विषयमा प्रभावित वा पिडित पक्षलाई पालिकाले कसरी सहयोग गर्न सक्दछ, कस्ता कस्ता सेवाहरु उपलब्ध गराउन सक्दछ, त्यस्तो सेवा निशुल्क हने भए सोही कुरा र शुल्क लाग्ने भए कति लाग्दछ भन्ने बारेमा जानकारी समेटिएको सूचनाहरु प्रसारण तथा प्रकाशन गरी निरन्तर संप्रेषण गराईरहने ।

५.२.१ पालिका तहका जनप्रतिनीधीको लागि महिला, दलित तथा अन्य लक्षित समुदायका हक अधिकार संरक्षण तथा मुलप्रवाहिकरणका लागि स्थानिय तहले के कस्तो भुमिका निर्वाह गर्न सक्दछ वा कानूनी कार्यादेश कस्तो रहेको छ भन्ने बारेमा सूचना तथा जानकारीमुलक स्रोत सामाग्री सहज तथा सरल भाषामा प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको निरन्तर रुपमा आयोजना गरिनेछ ।

५.२.३ पालिका तहका जनप्रतिनीधी तथा सेवा प्रदायकहरुको लागि लैससासको अवधारणा तथा यसको औचित्य तथा संवेदनशिलता माथिको महत्व सम्बन्धमा सूचनामुलक स्रोत सामाग्री सहज तथा सरल भाषामा प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गरिनेछ ।

५.३.१ महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग , जोखिममा परेका समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको संचालन गराउने ।

५.३.२ पीलकाको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुको लैससास सम्बन्धमा क्षमताको पहिचान गरी आवश्यकता क्षमता अभिवद्धी कार्ययोजना तर्जुमा गरी आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम संचालन  गरिने छ ।

## ८.नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य समस्या, चुनौती तथा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १. | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु । | सहभागिताकमुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरीने । त्यस्तै लैससासलाई प्राथमितामा राख्ने नीतिगत ब्यवस्था गर्ने । |
| २. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमिति साझा वैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका ब्यत्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |
| ३. | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तख्याङ्कमा आधारीत बनाउने । |
| ४. | आर्थिक स्रोतको अभाव हुनु । | स्थानिय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार पारीने । आगामी आर्थिक वर्षको तुलनामा उक्त बजेट बढाउदै लैजाने ( प्रगतीशिल बजेटको तर्जुमा गर्ने)। |

## ९. नीति कार्यन्यवनमा ल्याउने प्रकृया

गाउँपालिकामा महिला, बालबालिका तथा सामाजिक शाखाको संयोजकत्वमा लैससास समन्वय समिती मार्फत आवश्यक कर्मचारी र स्रोतको व्यवस्था गरी नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ । आवश्यकता अनुसार गाउँपालिकाले सेवा करार मार्फत विज्ञको सेवा पनि लिन सकिने छ साथै अरु सरोकारवाला संघसंस्थाहरु संग समन्वय र सहकार्य गरीनेछ । यसको साथै सम्वन्धित शाखा, उपशाखा तथा सम्पर्क विन्दु मार्फत लैससास सवालहरुको सम्वोधन गरिने वा गराइने व्यवस्था मिलाउने छ ।

## १०. मुल्याकंन प्रकृया

**यो नीतिको कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मूल्याङ्कन योजना तय गरिएकोछ ।**

| अनुगमन र मुल्यांकन | समयावधि | जिम्मेवारी |
|---|---|---|
| त्रैमासिक प्रगति समिक्षा | प्रत्येक तिन तिन महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| अनुगमन | नियमित तथा निरन्तर | गाउँपालिका, सरोकारवालाहरु र सामाजिक संघ संस्थाहरुसहितको समाबेशी अनुगमन समिति गठन गरी कृयाशिल बनाउने |
| वार्षिक समिक्षा तथा वार्षिक कार्य योजना तर्जुमा | प्रत्येक वर्षको जेठ मसान्त भित्र | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| लैससाससँग सम्वन्धीत तथ्यांकहरुको अद्यावधिक | प्रत्येक छ छ महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा सम्वन्धित शाखाहरु |

| | | |
|---|---|---|
| लैससाससँग सम्वन्धित वार्षिक स्थिती पत्र प्रकाशन गर्ने ।<br><br>गाउँपालिका भित्र संञ्चालित आयोजना तथा पुर्वाधार निमार्णका कार्यले आयोजना क्षेत्र भित्रका महिलाहरुमा गरिवि घटेको तथ्याङ्क संकलन गर्ने । | वार्षिक | गाउँकार्यपालिका तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति |
| नीतिको कार्यान्वयन र उपलब्धीका सम्वन्धमा सार्वजनिक सुनुवाई | वार्षिक | गाउँपालिका तथा वडा कार्यालयहरु |

## ११. लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना (Plan of Action)

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा | सूचक |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाका विद्यमान ऐन कानुन नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन | वित्थडचिर गाउँपालिका | विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ३ महिना भित्र | गाउँपालिकामा कार्यान्वयन भएका सबै नीतिह रुमा लैससास सुनश्चित भएका हुनेछन् । |
| २. | गाउँपालिका जनप्रतिनिधि र सरोकारवाला निकाय बिचमा लैससासस नीतिको औचित्य, महत्व र यसबाट पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । | वित्थडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय | नीति स्वीकृत भएको २ महिना भित्र । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | | |
| ३. | गाउँपालिमा लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि बिशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास सम्बन्धी विशेषज्ञताको क्रमश विकास गर्दै जाने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञता को विकास निरन्तर रुपमा बर्षभरी । | |
| ४. | गाउँपालि र यस अर्न्तगतका ९ वटै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारीता बारे त्रैमासिक | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, वित्थडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित | नीति स्वीकृत भएको १ महिना | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित रुपमा गर्दै जाने | | संस्था तथा विषय विज्ञहरु । | बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी | |
| ५. | गाउँपाकिाका ९ वटै वडामा नितिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडामा लैससास समिति र लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गर्ने । | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, वित्थडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको छ महिना भित्र | |
| ६ | लैससास नीति कार्यान्वयनमा | वित्थडचिर गाउँपालिका | मानव अधिकार | संघ, प्रदेश र | कम्तीमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गर्ने । | | तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | वर्षको एकचोटी हरेक आर्थिक वर्षको अन्तमा | |
| ७ | प्रत्येक ३/३ बर्षमा लैससास नीतिको पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधन गर्ने । | वित्थडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत | नीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर बर्षभरी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | परिचालन गरिने छ । | | |
| ८ | नीति कार्यान्वनको निरन्तर समिक्षा, अनुगमन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | योजना शाखा र महिला तथा बालबालिका शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएपछी प्रत्येक ६/६ महिनामा | |
| ९ | गाउँपालिको नियमित बजेटबाट न्यूनतम प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, वितथडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट | नीति स्वीकृत भएको तिन महिना भित्र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | | |
| १० | गाउँपालिकाको लैङ्गिकउत्तरदायी वजेट परिक्षण (Gender Audit) | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, वित्थडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | प्रत्येक आर्थिक वर्षको १ पटक | |
| ११ | गाउँपालिकामा लक्षित वर्गको खण्डीकृत तथ्यांक को अभिलेख राख्ने र सोको अद्यावधि गर्ने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, वित्थडचिर गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा | नीति स्वीकृत भएको ४ महिना भित्र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अन्र्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | | |

## १२. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको  कार्यान्वयन समिति

यस नितिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न

**क) यस गाउँपालीका स्तरमामा देहाय बमोजिमको लैंगिक तथा सासाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) गाउँपालिका प्रमुख | संयोजक |
| ख) गाउँपालिका उप-प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| ङ) सामुदायीक संघ सस्था मध्येवाट संयोजकले तोकेका कम्तीमा दुई महिला सहित पाँच जना | सदस्य |
| च) प्रमुख, सामाजिक विकास  शाखा | सदस्य सचिव |

**ख) गाउँपालीकाका प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैंगिक तथा सासाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्य महिला, दलित र पिछडा वर्ग बाट ३ जना | सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |

## १२. समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई गाउँपालीकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने,

ख) सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निभाउने,

ग) लैङ्गिक तथा सामाजिक समोशीकरण निति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

घ) निति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने,

ङ) नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने,

च) महिला, वालवालीका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने,

छ) आवधिक, वार्षिक, योजना तर्जुमा कार्यान्वयन वजेट वाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित गाउँपालीकालाई सुझाव दिने,

छ) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक व्यबस्था गर्ने,

गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीक रुपमा बस्ने छ । वडा स्तरिय समितिको बैटक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

## १३. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ ।

## १४ खारेजी तथा बचाउ

यस नीतिमा उल्लेखित कुराहरु प्रचलित कानुनसंग वाझिएमा वाझिएको हद सम्म सम्बन्धीत कानुन बमोजिम नै हुने छ ।